## सानीभेरी गाउँपालिका

## गाउँ कार्यपालिका बैठक नं. २०८३/०८४-०१

आज मिति २०८३ साउन १९ गते मंगलबारका दिन सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री बिर्ख बहादुर बिष्टज्यूको अध्यक्षतामा गाउँ कार्यपालिको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसि तपसिल बमोजिमका प्रस्ताहरूमा छलफल गरी निर्णयहरू पारित गरियो।

तपसिल:

| क.स. | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | बिर्ख बहादुर विष्ट | अध्यक्ष | सानीभेरी-०३ | |
| २ | कमला रोका पुन | उपाध्यक्ष | सानीभेरी-०२ | |
| ३ | पहलसिं घर्ति मगर | कार्यपालिका सदस्य | सानीभेरी-०६ | |
| ४ | भूपाल सिं ओली | कार्यपालिका सदस्य | सानीभेरी-११ | |
| ५ | टेकबहादुर पुन | कार्यपालिका सदस्य | सानीभेरी-०१ | |
| ६ | शेरबहादुर खड्का | कार्यपालिका सदस्य | सानीभेरी-०९ | |
| ७ | मानबहादुर पुन | कार्यपालिका सदस्य | सानीभेरी-०२ | |
| ८ | टिकाराम खड्का | कार्यपालिका सदस्य | सानीभेरी-१० | |
| ९ | कुलबहादुर बुढा | कार्यपालिका सदस्य | सानीभेरी-०७ | |
| १० | प्रेमबहादुर वि.क. | कार्यपालिका सदस्य | सानीभेरी-०८ | |
| ११ | जगदिश नकाल | कार्यपालिका सदस्य | सानीभेरी-०३ | |
| १२ | मोतिराम खत्री | कार्यपालिका सदस्य | सानीभेरी-०५ | |
| १३ | मनोज कुमार बुढाथोकी | कार्यपालिका सदस्य | सानीभेरी-०४ | |
| १४ | सेते कामी | कार्यपालिका सदस्य | सानीभेरी-०१ | |
| १५ | बलबहादुर वि.क. | कार्यपालिका सदस्य | सानीभेरी-०३ | |
| १६ | देउमा भण्डारी | कार्यपालिका सदस्य | सानीभेरी-०७ | |
| १७ | सार पुन मगर | कार्यपालिका सदस्य | सानीभेरी-०६ | |
| १८ | बिमला वि.क रोका | कार्यपालिका सदस्य | सानीभेरी-०१ | |
| १९ | लिला खड्का मगर | कार्यपालिका सदस्य | सानीभेरी-०९ | |
| २० | नरविर खड्का | सदस्य-सचिव | सानीभेरी-१० | |

आमन्त्रित सदस्यहरू

| | | | | |
|---|---|---|---|---|
| १ | निर्मला बुढाथोकी ओली | का.वा. वडा अध्यक्ष | सानीभेरी -८ | |

| | | | | |
|---|---|---|---|---|
| २ | गंगा चन्द | का.वा. वडा अध्यक्ष | सानीभेरी -४ | [illegible] |
| ३ | गिता बाँठा मगर | का.वा. वडा अध्यक्ष | सानीभेरी -५ | [illegible] |
| ४ | लंके खत्री | का.वा. वडा अध्यक्ष | सानीभेरी -६ | [illegible] |
| ~~५~~ | नरू ओली | का.वा. वडा अध्यक्ष | सानीभेरी -११ | |

गाउँ कार्यपालिकाको मिति २०८३।०४।१९ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु

| क्र.स. | प्रस्तावहरु | निर्णय हुनु पर्ने व्यहोरा |
|---|---|---|
| १. | गत कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा। | समीक्षा भई आवश्यक निर्णय हुनुपर्ने। |
| २. | आर्थिक वर्ष २०८३/०८४ दररेट सम्बन्धमा। | जिल्ला दररेट समितिले निर्धारण गरे अनुसार हुनेगरि निर्णय गर्नुपर्ने। |
| ३. | बजेट तथा कार्यक्रम कार्यान्वयन कार्य योजना सम्बन्धमा। | बजेट् तथा कार्यक्रम कार्यान्वयन योजना निर्माण गर्ने निर्णय हुनुपर्ने। |
| ४. | प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धमा। | नदि तथा खानीजन्य पदार्थको ठेक्का बन्दोबस्तका लागि छिटो काम गर्न निर्णय हुनुपर्ने। |
| ५. | कर्मचारीको खटनपटन तथा व्यवस्थापन सम्बन्धमा। | छलफल भई आवश्यक निर्णय गर्नुपर्ने। |
| ६. | शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा। | जानकारी गराई अनुमोदन हुनुपर्ने। |
| ७. | डम्पिङ साइडको विस्तृत परियोजना प्रतिवेदन तयार सम्बन्धमा। | यसै शिर्षकमा विनियोजित बजेटबाट रकम खर्च हुने गरि निर्णय हुनुपर्ने। |
| ८. | तिन पाङ्ग्रे अटो दर्ता, नविकरण तथा रुट परमिट सम्बन्धमा। | छलफल भई आवश्यक निर्णय हुनुपर्ने। |
| ९. | सुरक्षित गर्भपतन सेवा सञ्चालन सम्बन्धमा। | सुरक्षित गर्भपतन सेवा सञ्चालनका लागि संस्था तथा व्यक्ति सूचीकरण गरी सेवा सञ्चालन गर्ने निर्णय हुनुपर्ने। |
| १०. | सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना सम्वन्धमा। | कार्यक्रम कार्यान्वयनका लागि आवश्यक जानकारी र निर्णय हुनुपर्ने। |
| ११. | बजार अनुगमन सम्बन्धमा। | आवश्यक निर्णय हुनुपर्ने। |
| १२. | प्रगति विवरण प्रकाशन सम्बन्धमा। | यस कार्यकालको सम्पूर्ण कार्य समेटिने गरी प्रगति विवरण पुस्तिका तयार गर्ने निर्णय हुनुपर्ने। |
| १३. | तलव भत्ता कायम गर्ने सम्बन्धमा। | कम तलव भत्ता भएका सहयोगि कर्मचारिको तलव समान बनाउने निर्णय हुनुपर्ने। |
| १४. | विविध सम्बन्धमा। | समसामयिक तथा अन्य विषयमा छलफल भई आवश्यक निर्णय हुनुपर्ने। |

## निर्णयहरु

**निर्णय नं. १: गत कार्यपालिका बैठकका निर्णयको समीक्षा**

अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुको सम्वन्धमा छलफल भई कार्यान्वयन भएका निर्णयहरुको जानकारी गराई कार्यान्वयन नभएका निर्णयहरु कार्यान्ववयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २: आर्थिक वर्ष २०८३।०८४ को दररेट**

मिति २०८३।०३।३० गते जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई स्विकृत गरि लागु गर्ने निर्णय गरियो।

**निर्णय नं. ३: बजेट तथा कार्यक्रम कार्यान्वयन**

यस आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन योजना वडा तथा शाखा प्रमुखको समन्वयमा योजना शाखाले तयार गरि योजना अनुसार कार्यान्वय गर्ने निर्णय गरियो।

**निर्णय नं. ४: प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन**

यस अधि गरेको प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कनको म्याद सकिएको हुँदा यस पालिकाको नदी घाटहरुको नदी तथा खानीजन्य पदार्थको ठेक्का बन्दोबस्त गर्ने प्रयोजनको लानगि यस कार्यलमा मौजुदा सूचीमा रहेका परामर्शदाताहरुसँग प्रस्ताव माग गरी प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५: कर्मचारीको खटनपटन तथा व्यवस्थापन**

सानिभेरी गाउँपालिकामा अन्तर्गत वडा कार्यालय, कृषि तथा पशु प्राविधिक, स्वास्थ्य तथा प्राविधिक कर्मचारीलाई जेष्ठता, कार्यसम्पादन, भौगोलिक विकटता, अनुभव तथा अवसर समेतलाई ध्यान दिई कर्मचारीको खटनपटन र आवश्यकताको आधारमा कर्मचारीलाई सरुवा सहमति दिने। कार्यवोझ तथा आवश्यकताको आधारमा नपुग सहयोगी, सुरक्षा गार्ड तथा अन्य स्वास्थ्य, प्राविधिक लगायतका कर्मचारीको व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६: शिक्षा समितिको निर्णय अनुमोदन**

मिति २०८३।०४।१३ गतेको गाउँ शिक्षा समितिको प्रस्ताव नम्वर १-११मा रहि भएका निर्णहरु अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७: डम्पिङ साइडको विस्तृत परियोजना प्रतिवेदन तयार**

३ नं. वडामा रहने गरी निर्माण हुने डम्पिङ साइडको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नको लागि यस आर्थिक वर्षमा कर्णाली प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान अन्तर्गत रहेको डम्पिङ साइडको लागि गोलडाँडा खारखालि जुम्लिपोखरी गाई छिर्ने सडक निर्माण योजना सानीभेरी ३ को बजेट रकमबाट खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. ८: तीन पाङ्ग्रे अटो दर्ता, नविकरण तथा रुट परमिट**

यस गाउँपालिकामा अटो रिक्सा दर्ता, नविकरण तथा रुट परमिटका लागि सानीभेरी गाउँपालिका अटो रिक्सा व्यवस्थापन कार्यविधि, २०७८, आर्थिक ऐन, २०८३ अनुसार दर्ता, नविकरण गर्ने र रुट परमिटका लागि वार्षिक २,५०० (दुई हजार पाँच सय) दस्तुर लिने यसको लागि सार्वजनिक सूचना जारि गरी सोही अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९: सुरक्षित गर्भपतन सेवा सञ्चालन**

सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम सुरक्षित गर्भपतन सेवा सञ्चालनका लागि संस्था तथा व्यक्ति सूचीकरण निर्देशिका बमोजिम गर्न स्वास्थ्य शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं. १०: सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना**

यस आयोजना अन्तर्गत आयोजना इकाई कार्यालय सुर्खेतबाट मिति २०८३।०४।१५ गते प्राप्त पत्रानुसार नयाँ खानेपानी आयोजना निर्माण कार्यक्रम समावेश नहुने र २०८३।०४।१२ गतेको वास व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयहरुमा शौचालय निर्माण गर्ने गरी छनौट गरिएका विद्यालयहरु तोकिएको समय सीमाभित्र विद्यार्थि संख्या र आवश्यकताको आधारमा डिजायन तथा सर्भे गरी लागत अनुमान तयार गर्ने दिने निर्णय गरियो।

**निर्णय नं. ११: बजार अनुगमन**

पालिका अन्तर्गत विभिन्न वडामा रहेका व्यवसायहरुलाई दर्ता तथा नविकरण गर्न अनुरोध गर्ने र पालिका भर रहेका व्यवसायहरुको अनुगमन गरि उपभोक्ता अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२: प्रगति विवरण प्रकाशन**

आर्थिक वर्ष २०७९।८० देखि हालसम्म भए गरेका कामहरुको विवरण र प्रभाव समेत देखिने गरी प्रगति विवरण प्रकाशन गर्ने प्रयोजनको लागि वडा कार्यालय र शाखाहरुबीच समन्वय गरी आवश्यक कार्य गर्न योजना शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं. १३: तलव भत्ता कायम**

पालिका, वडा कार्यालय, स्वास्थ्य कार्यालय र अस्पतालमा कार्यरत रही मासिक १६,०००।(सोह्र हजार) भन्दा न्यूनतम तलव भत्ता रहेका सहयोगी कर्मचारीको तलव भत्ता मासिक १६,०००।(सोह्र हजार) र वार्षिक पोशाक भत्ता तोकिए अनुसार दिने निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्वक रुपमा सम्पन्न भई बैठकमा उपस्थित सबैलाई अध्यक्षबाट धन्यवाद व्यक्त गरि बैठक समापन गरियो।

मिति २०८२।०४।१५ गते बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु (१-१३) तथा उक्त प्रस्तावमा भएका निर्णयहरु कुनै परिवर्तन बिना यथावत रुपमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) बमोजिम प्रमाणित गरिएको।

२०८२।०४।२९

प्रमुख प्रशासकीय अधिकृत